कृषि तथा वन विज्ञान विश्वविद्यालय
# परीक्षा नियन्त्रण कार्यालय
रामपुर, चितवन

प.नि.का.च.नं........................२०७८/०७९

मिति: २०७८।०८।०७

## परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना

कृषि तथा वन विज्ञान विश्वविद्यालय, कृषि संकाय अर्न्तगत शैक्षिक सत्र २०७३।०७४ मा संचालित B.Sc.Ag. मा भर्ना भई छैठौं सेमेष्टरमा अध्ययनरत विद्यार्थीहरुको उक्त सेमेष्टरको नियमित परीक्षामा अनुत्तीर्ण भएका विद्यार्थीहरुले सो सेमेष्टरको मौका परीक्षामा सम्मिलित हुन २०७८ साल मंसिर १ गते देखि मंसिर १४ गते सम्म नियमित शुल्क र मंसिर १५ गते देखि मंसिर १७ गते सम्म विलम्व शुल्कमा परीक्षा आवेदन फाराम भरी कार्यालय समय भित्र सम्वन्धित संकायमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ। परीक्षा आवेदन फाराम सम्बन्धित संकायवाट प्राप्त हुने व्यहोरा जानकारी गराइन्छ।

शर्तहरु :

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनु पर्नेछ। आवेदन फाराममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो २ (दुई) प्रति टाँसिएको हुनु पर्नेछ।
२. मौका परीक्षामा सम्मिलित हुनको लागि परीक्षा शुल्क रु. ८५०।- र परीक्षा आवेदन फाराम शुल्क रु १००।- का दरले बुझाउनु पर्नेछ। तोकिएको अवधिमा फाराम नभरेमा निम्न वमोजिम विलम्व शुल्क लाग्नेछ।

| | |
|---|---|
| २०७८ साल मंसिर १५ गते | रु. ३००।- |
| २०७८ साल मंसिर १६ गते | रु. ५००।- |
| २०७८ साल मंसिर १७ गते | रु. ११००।- |

३. परीक्षा शुल्क र परीक्षा आवेदन फाराम शुल्क तोकिएको समयमा बुझाई परीक्षा आवेदन फाराम भरिसकेका तर तोकिएको म्याद भित्र उक्त फाराम नबुझाएमा रु. ११००।- विलम्व शुल्क बुझाए पछि मात्र फाराम बुझिलिइनेछ।
४. आन्तरीक मूल्यांकन परीक्षामा अनुतीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन्।
५. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुन २ (दुई) दिन अगावै सम्बन्धित संकाय/कलेजबाट उपलब्ध हुनेछ।
६. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा संम्पर्क राख्नु होला।
७. परीक्षाको समय तालिका पछि प्रकाशित गरिने छ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website : www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ।

प्रा.डा. शुनिला राई
परीक्षा नियन्त्रक
परीक्षा नियन्त्रक